# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

पुल्चोक, ललितपुर

प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादक/सम्पादकज्यू**

प्रहरी प्रतिवेदन समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुमन श्रेष्ठ समेत भएको ठगी तथा संगठित अपराध काठमाण्डौ जिल्ला अदालतमा दर्ता भई सम्पत्ति शुद्धीकरणको कसुरमा कारबाहीको लागि जिल्ला सरकारी वकील कार्यालय बबरमहल काठमाण्डौको च.नं. ३०८० मिति २०७३।११।२२ गते पत्रबाट प्राप्त उजुरी/सूचनाका आधारमा अनुसन्धान हुँदा भारत, पश्चिम बंगाल राज्य, जिल्ला हावडा, उदयनारायणपुर थाना कुमारचोक गाँउ कोलकत्ता घर भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. ९ गौशाला स्थित व्यञ्जन मिष्ठान्न भण्डार संचालन गरी बस्ने जतिन घोसको नाती सोना घोसको छोरा बर्ष ५३ को तपन घोसले जिल्ला काठमाण्डौं का.म.न.पा. २८ स्थाई वतन भई हाल का.म.न.पा. ३२ गैरिगाउँ बस्ने खड्क बहादुर श्रेष्ठको नाती गोपाल बहादुर श्रेष्ठको छोरा बर्ष ५२ को सुमन श्रेष्ठसँग मिलेमतो गरी निजले करीब २ बर्ष अघि देखि संचालन गरेको व्यञ्जन मिष्ठान्न भण्डारको बिद्युत मिटर बक्समा सुमन श्रेष्ठसँगको सहयोग र मिलेमतो गरी विद्युत मिटर बिगारी वास्तविक बिजुली खपत भएको भन्दा कम यूनिट बिजुली खपत भएको देखाउने बनाई सो गरे बापत रकम लेनदेन गरी सम्पत्ति आर्जन गरेको, व्यञ्जन मिष्ठान्न भण्डारको पसलको बिद्युत मिटर परीक्षण गर्दा समेत मिटर बिगारेको परीक्षण प्रतिवेदनबाट प्रमाणित भएको, निजहरुको उक्त कार्यबाट नेपाल बिद्युत प्राधिकरणलाई रु.११,२९,१०२।२२ बराबरको हानी नोक्सानी पुऱ्याई सो रकम निज तपन घोसले गैरकानुनी रुपमा आर्जन गरी नेपाल विद्युत प्राधिकरणलाई ठगी गरेको काठमाण्डौं जिल्ला अदालतको मिति २०७५।०६।२१ गतेको फैसलाबाट ठहरी सम्बद्ध कसुर प्रमाणित हुन आई अपराधजन्य कार्यबाट आर्जन गरेको उक्त रकम बैंकमा जम्मा गरी बैद्य आय भएको भन्ने देखाई सम्पत्तिको स्रोत लुकाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित कार्य तथा सोही ऐनको दफा २ को खण्ड (श) संग सम्बन्धित अनुसूची १ को (क) र (झ) बमोजिमको सम्बद्ध कसुर गरेको देखिएको हुँदा प्रतिवादीमध्येका तपन घोसलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ (१) को देहाय (क)(ख)(ग) को कसुरमा विगो रु. ११,२९,१०२।२२ कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई र अर्का प्रतिवादी सुमन श्रेष्ठले व्यञ्जन मिष्ठान भण्डारका संचालक तपन घोससंग मिलेमतो गरी नेपाल विद्युत प्राधिकरणबाट जडान भएको विद्युत मिटरमा कम युनिट देखाउने बनाई दिई नेपाल विद्युत प्राधिकरणलाई रु. ११,२९,१०२।२२ ठगी गरी प्रतिवादी तपन घोसलाई सम्पत्ति आर्जन गर्ने गराउने कार्य गरी सम्पत्ति शुद्धीकरणको कसूर गर्न सहजिकरण, मिलेमतो र सहयोग मद्दत गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निज प्रतिवादी सुमन श्रेष्ठलाई सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम सजायको मागदावी लिई मिति २०७५/९/१ गते सम्मानित विशेष अदालत बबरमहल काठमाडौं समक्ष अभियोग पत्र पेश गरिएको छ ।

प्रवक्ता/सूचना अधिकारी

२०७५/९/२